| | | |
|---|---|---|
| ३० | राष्ट्रिय आकांक्षा साप्ताहिक (काठमाडौ) | १) पत्रिकाको ६ वटा बोहक सबै अंकको पृष्ठ ३ र ४ को विज्ञापन (पृष्ठ ३ मा टोकला चिया र खोनेपानी संस्थानको, पृष्ठ ४ मा राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र टेकुको र बुनियाद सिमेन्टको प्रमुख विज्ञापन) एउटै छ। पत्रिकाका अन्य पृष्ठमा मिति उल्लेख भए पनि यी पृष्ठहरुमा मिति नै उल्लेख नहुनुले पत्रिकाको पृष्ठ संख्या पुऱ्याउन एकमुष्टरुपमा छापेर भित्री पृष्ठ राखेको देखिन्छ। जेठ ३ गतेदेखि असार ६ गतेसम्ममा ६ अंक ४ पृष्ठमात्र समावेश भएको छ।<br>२) रेश्मा अफसेट प्रिन्टर्स भीमसेनस्थान, काठमाडौंबाट प्रकाशित हुने यो पत्रिकाको विज्ञानका ३ र ४ पृष्ठमा प्रकाशित विज्ञापन रचना साप्ताहिक काठमाडौंसँग पनि हुबहु छ।<br>३) बैशाख १३ गतेको पृष्ठ २ मा प्रकाशित 'अब समाधान खोज्नैपर्छ' शीर्षकको लेख बैशाख ११ गतेको बुधबार साप्ताहिकको 'यस्ता नेताले पार्टीलाई डुबाउँछन्-रघु पन्त' को लेखबाट हुबहु प्रकाशित।<br>४) बैशाख ६ गतेको पृष्ठ ५ मा प्रकाशित 'वरिष्ठ नेताहरुको पराजय' शीर्षकको लेख दृष्टि साप्ताहिकको बैशाख ३ को पृष्ठ ११ मा प्रकाशित 'हारे ठूला नेताले' शीर्षकको समाचारबाट हुबहु। |